# जिल्ला प्रशासन कार्यालय, पर्वतद्वारा प्रकाशित

# कोभिड-१९ सन्दर्भमा विशेष ई-बुलेटिन

मिति २०७७ बैशाख १२ गते

वर्ष १ अंक ३

## प्रारम्भ

पर्वत जिल्लामा कोभिड-१९ विशेष बुलेटिन मार्फत कोभिड-१९ को नियन्त्रण र न्यूनिकरणका सम्बन्धमा विगत एक महिनामा गरिएका कार्यहरु जनसाधारण समक्ष राख्न प्रयास गरेका छौं । यसबाट उत्पन्न विषम परिस्थितिको प्रतिरोध गर्न सबै सरकारी संयन्त्रका साथै स्वास्थ्यकर्मी, आवश्यक उपकरण, एम्बुलेन्स लगायतका सबै ब्यवस्था तयारी हालतमा रहेको हुँदा सतर्कताका साथ लकडाउनको पूर्ण परिपालन गर्दै घर भित्रै रहनु हुन सबै जिल्लाबासीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

यस अवस्थामा कोरोना भाइरसको नियन्त्रण र न्यूनिकरणका लागि खेलेको भूमिका प्रति सबै स्थानीय तह, राजनीतिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, उद्योगी ब्यवसायी, स्वास्थ्यकर्मी लगायत सबै महानुभावहरुलाई हार्दिक आभार प्रकट गर्दछौं ।





## जिल्लास्तरीय कोभिड-१९ Crisis Management Center को गठन र क्रियाशीलता

विश्वब्यापी रुपमा माहामारी फैलिएको कोरोना भाइरसको संक्रमणको जोखिम नियन्त्रण र न्यूनीकरण गर्ने कार्यलाई सबैभन्दा प्राथमिकतामा राखी प्रभावकारी ब्यवस्थापन गर्न नेपाल सरकारको निर्णय बमोजिम यस जिल्लामा मिति २०७६।१२।१३ मा कमाण्ड पोष्ट गठन गरी नियमित दैनिक रुपमा बैठक बस्दै आएको छ । कमाण्ड पोष्टको मुख्य उद्देश्य लकडाउनलाई प्रभावकारी कार्यान्वयन गर्न, स्वास्थ्य सुरक्षाको उचित ब्यवस्थापन गर्ने रहेको छ । यसका साथै नेपाल सरकारको निर्देशन अनुसार कोभिड-१९को नियन्त्रणका सम्बन्धमा प्रर्वद्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्य गर्नका लागि मिति २०७६/१२/२१ मा CCMC को गठन गरी कमाण्ड पोष्टका सबै सदस्यमा जिल्ला समन्वय अधिकारीलाई सदस्यको रुपमा थप गरी दैनिक रुपमा संयुक्त बैठक बस्दै आएको छ ।

## CCMC का पदाधिकारीहरुको नामावली

| क्र.स | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | प्र.जि.अ. श्री कल्पना घिमिरे नेपाल | अध्यक्ष | ९८५७६१७७७७ |
| २ | जि.स.अ. श्री सुरेश ढकाल | सदस्य | ९८५७६३७२२२ |
| ३ | स.प्र.उ. श्री सोम बहादुर गुरुङ | सदस्य | ९८५१२७२०४६ |
| ४ | सेनानी श्री अर्जुन दुलाल | सदस्य | ९८५६०४९३२२ |
| ५ | प्र.ना.उ. श्री श्यामु अर्याल | सदस्य | ९८५७६१५५५५ |
| ६ | प्र.अ.अ. श्री हेमकाजी गुरुङ | सदस्य | ९८४१२७३५०७ |
| ७ | का.प्र. डा. भोजराज गौतम | सदस्य | ९८५७६५००९६ |
| ८ | मे.सु. डा. शिशिर देवकोटा | सदस्य | ९८५७६२१११९ |
| ९ | स.प्र.जि.अ. श्री दीपक पौडेल | सदस्य | ९८५७६५६७७७ |
| १० | अध्यक्ष श्री केदार नाथ शर्मा उद्योग वाणिज्य संघ | सदस्य | ९८५७६३०६६० |



## कोभिड-१९ नियन्त्रणमा जिल्ला विपद् व्यवस्थापन समिति



विश्वभर कोभिड-१९ को संक्रमण बढ्दै गएको अवस्थाको पुर्वानुमान गर्दै जिल्ला विपद् व्यवस्थापन समितिले यस भाइरसको जोखिमलाई नियन्त्रण गर्न सुरुवात देखिनै आफ्ना कार्य अगाडि बढाएको छ । २०७६ फाल्गुन २२ गते बसेको यस समितिको बैठकले प्रर्बद्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यहरुमा जोड दिएको छ । जिल्ला स्वास्थ्य कार्यालय, पर्वत जिल्ला अस्पताल र सबै स्थानीय तहहरुले नागरिकहरुलाई सू-सूचित गर्न सञ्चार माध्यमबाट यस भाइरसका सम्बन्धमा सूचना सम्प्रेषण गर्ने, जिङ्गलहरु बनाउने र बजाउने, वडा स्तरसम्म स्वास्थ्यकर्मीहरु समेत परिचालित भई हात धुन सिकाउने, पम्प्लेटहरु वितरण गर्ने लगायतका कामहरु सुरु गरेको थियो । जिल्ला प्रशासन कार्यालय पर्वतले सूचना प्रकाशन गरी सबै स्थानीय तह, सबै सरकारी तथा गैरसरकारी निकायहरु र नागरिकहरुलाई एकताबद्ध भएर यस रोगको नियन्त्रणमा लाग्न अनुरोध गरेको थियो । समितिको २०७६ चैत्र ९ र १० मा बसेको बैठकले सन्देश मूलक कार्यहरुमा निरन्तरता दिने, क्वारेन्टाइनहरुको स्थानीय तहमा स्थापना गरी पालिकाहरुले सञ्चालन तथा व्यवस्थापन गर्ने र जिल्लास्तरमा गुप्तेश्वर बहुमुखी क्याम्पसमा सबै स्थानीय तहहरुको साझा कोषमा कोरोना अस्थायी अस्पताल स्थापना गर्ने निर्णय गरेको थियो । उक्त निर्णयका आधारमा अस्थायी अस्पतालको सञ्चालन र व्यवस्थापन गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु सदस्य रहने र पर्वत जिल्ला अस्पतालका मे.सु. सदस्य- सचिव रहने गरी समिति गठन भई नियमित रुपमा कार्य गर्दै आएको छ । २०७६ चैत्र १५ र २९ गते संघीय सासंद माननीय पदम गिरीज्यूको उपस्थितीमा बसेको बैठकले यस समितिबाट कोरोना सम्बन्धमा विगतमा गरिएका निर्णयहरुको निरन्तरता दिने साथै राहतलाई एकद्वार बनाउने र विदेशबाट आएका व्यक्तिहरुको Tracking & Tracing मा राजनैतिक दलहरु समेतको सक्रियता बढाउने जस्ता निर्णय गरेको थियो ।

## कोभिड-१९ नियन्त्रणमा CCMC र स्थानीय तहको संयुक्त प्रयास



जिल्ला स्तरमा CCMC स्थापना भएसँगै स्थानीय तहहरुमा समेत CCMC स्थापना भएको छ । सम्बन्धित स्थानीय तहको प्रमुखले संयोजन गर्ने उक्त केन्द्रले विदेशबाट आएका व्यक्तिहरुको लगत संकलन गर्ने, Tracking & Tracing गर्ने र उनीहरुको कोरोना परीक्षण गर्न जिल्लासँग समन्वय गरेको छ । स्थानीय तहमा निर्माण भएका क्वारेन्टाइनहरुमा विदेश तथा देश भित्रका अन्य जिल्लाहरुबाट आएका व्यक्तिहरुलाई राख्ने, नेपाल सरकारले तोकेको मापदण्डमा रही क्वारेन्टाइन संचालन गर्ने, अन्तर पालिकामा हुने आवतजावत नियन्त्रमा सहयोग गर्ने, स्थानीय उत्पादनहरुलाई बजारसम्म पुर्‍याउन सहज वातावरण सिर्जना गर्ने, एकद्वार प्रणालीमा रही स्थानीय विपद् व्यवस्थापन कोष र खाद्य बैंकलाई परिचालन गर्न कार्यविधि बनाई राहत वितरण गर्ने, विपन्न श्रमिकहरुमा आउने दैनिक समस्यालाई समाधान गर्न पहल गर्ने जस्ता कार्यहरु जिल्लास्तरको CCMC सँग समन्वय गरी स्थानीय संकट व्यवस्थापन केन्द्रले गर्दै आएको छ ।

कोभिड-१९ को नियन्त्रण र उपचारमा एकद्वार प्रणाली अवलम्बन गर्ने सोच बनाएको पर्वत जिल्लाले स्थानीय तहहरुको साझा कोषमा बनेको अस्थायी कोरोना अस्पताल स्थापना तथा संचालन गर्नुका साथै स्थानीय तहसँग समय समयमा बैठक बस्दै आएको छ । जिल्ला विपद् व्यवस्थापन समितिमा स्थानीय तहका प्रमुखहरुको विशेष उपस्थितिमा गरिएका निर्णयका साथै २०७७ वैशाख ५ गते पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरु समेतको उपस्थितिमा संयुक्त बैठक बसेको थियो । उक्त बैठकले एकद्वार प्रणालीलाई निरन्तरता दिने, बाहिरी जिल्लाबाट यस जिल्लामा आउने व्यक्तिहरुको सूक्ष्म निगरानी गरी लगत तयार गर्ने, अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्ने, कृषि उत्पादनमा सहज वातावरण सिर्जना गर्ने, विकास निर्माणका काममा सहजीकरण गर्ने र स्थानीय स्तरमा कोभिड मैत्री एम्बुलेन्स तयार गरी प्रत्येक पालिकामा Patient Receiving Team (PRT) गठन गर्ने र विचल्लीमा परेका कामदारहरुका लागि सामूहिक मेस संचालन गर्ने र आन्तरिक आपूर्तिमा सहजीकरण गर्ने जस्ता निर्णय गरेको छ ।

## कोभिड-१९ नियन्त्रणमा अन्तर जिल्ला सुरक्षा समन्वय

२०७७ वैशाख ६ गते पर्वत जिल्ला प्रशासन कार्यालयको संयोजनमा CCMC का सम्पूर्ण सदस्य सहित बागलुङ र म्याग्दीका प्रमुख जिल्ला अधिकारी र सुरक्षा प्रमुखको उपस्थितिमा अन्तर जिल्ला सुरक्षा समन्वय बैठक भएको छ । उक्त बैठकको मूख्य उद्देश्य कोभिड-१९ का सन्दर्भमा नेपाल सरकारले लागू गरेको लकडाउनलाई थप प्रभावकारी बनाई सीमा क्षेत्रको चेकजाँचमा कडाई गर्ने, स्वास्थ्य उपकरण तथा स्वास्थ्य सेवामा आपसी सहयोग आदानप्रदान गर्ने, अन्तर जिल्ला आपूर्ति व्यवस्थापनमा सहज वातावरण सिर्जना गर्ने, कामदारका सम्बन्धमा आइपर्ने समस्याहरुलाई संयुक्त रुपमा समाधान गर्ने साथै अन्तरजिल्ला सम्बन्धित विषयका सूचनाहरुलाई एकआपसमा सम्प्रेषण गर्ने लगायतका रहेको छ ।

## जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको हालसम्मका प्रयास

### हेल्थडेक्स स्थापना

धौलागिरीको प्रवेशद्वारको रुपमा रहेको मोदी गाउँपालिकाको डिमुवामा २०७६ चैत्र ८ गते देखि हेल्थडेक्स स्थापना तथा संचालन हुँदै आएको छ । मोदी गाउँपालिकाबाट संचालन हुँदै आएको उक्त डेक्सले हालसम्म करिब ६ हजार व्यक्तिहरुको स्वास्थ्य परीक्षण गरिसकेको छ ।




### क्वारेन्टाइनको अवस्था

जिल्लास्थित सबै स्थानीय तहका ८७ स्थानमा ३६० बेड क्षमताका क्वारेन्टाइन स्थलहरु निर्माण गरिएको छ । पालिकागत क्वारेन्टाइन संख्या र क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | स्थानीय तह | वेड संख्या | क्वारेन्टाइनमा बसेको संख्या | | | क्वारेन्टाइनबाट फिर्ता संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | कुश्मा न.पा. | १६ | ३ | ९ | १२ | ३ | ९ | १२ |
| २ | फलेवास न.पा. | २१२ | ३ | ८ | ११ | ३ | ७ | १० |
| ३ | मोदी गा.पा. | २९ | | | | | | |
| ४ | जलजला गा.पा. | २० | २ | ४ | ६ | | | |
| ५ | विहादी गा.पा. | ६० | | ५ | ५ | | ५ | ५ |
| ६ | पैयुँ गा.पा. | १८ | | | | | | |
| ७ | महाशिला | ५ | २ | ४ | ६ | | | |
| जम्मा | | ३६० | | | ४० | | | २७ |





मापदण्ड अनुसार क्वारेन्टाइनहरु निर्माण, व्यवस्थापन र संचालन भए नभएको स्थलगत अवलोकन गरी सुझाव दिने कार्य प्रमुख जिल्ला अधिकारी लगायतको अनुगमन समितिले गरेको छ ।

## आइसोलेसनको व्यवस्था



पर्वत जिल्ला अस्पतालमा ३ शैया र गुप्तेश्वर बहुमुखी क्याम्पसको अस्थायी कोरोना आइसोलेसन अस्पतालमा २० शैया गरी कुल २३ शैयाको क्षमता रहेको छ । स्वास्थ्य उपचारका अत्यावश्यक उपकरणहरु सहित निर्माण गरिएको अस्थायी कोरोना अस्पतालले हालसम्म १० जना शंकास्पद व्यक्तिहरुको स्वाव संकलन, परीक्षण र उपचार गरी घर फिर्ता पठाइएको छ । यस अस्पतालको व्यवस्थापन लगायतका विषयहरुको निरीक्षण गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ र प्रमुख सचिव हरि बस्यालबाट भएको छ । पर्वत जिल्ला भित्र नै कोरोना संक्रमित बिरामीको पूर्ण रुपमा उपचार दिन सक्ने अवस्थाको सिर्जना गर्न पर्वत जिल्ला अस्पतालमा रहेको ३ शैयाको आइसोलेटेड वार्डमा भेन्टिलेटर सहित आइसियु सेटअपका लागि गण्डकी प्रदेश सरकारसँग अनुरोध गरी पठाइएको छ ।

## कोरोना परीक्षण

२०७६ चैत्र १ गते देखि ११ गते भित्र भारत लगायत तेस्रो मुलुकबाट पर्वत आएका व्यक्तिहरु २९७ रहेको छ । पहिलो चरणमा भारत बाहेक तेस्रो मुलुकबाट आएका व्यक्तिहरुको स्वाव संकलन गरी परीक्षण गरिएको छ । भारतबाट आएका व्यक्तिहरुको **Rapid Diagnostic Test** विधिबाट कोरोना परीक्षण गरिएको छ । हालसम्म यस जिल्लामा विदेशबाट आएका तथा क्वारेन्टाइनमा रहेका व्यक्तिहरु गरी ७७ जनाको स्वाब परीक्षण र ३६५ जनाको RDT परीक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको छ । हेलो डाक्टर कार्यक्रम मार्फत २४ सैं घण्टा विदेश लगायत स्वदेशबाट आएका कोरोनाको आशंका हुनसक्ने व्यक्तिहरुको Tracking & Tracing गर्ने काम पर्वत जिल्ला अस्पतालले गरेको छ । प्रत्येक पालिकामा पुगेर स्वाब संकलन, RDT परीक्षण समेत गरेको छ ।

## कोरोना मैत्री एम्बुलेन्स तयार

कोभिड १९ संक्रमित बिरामीलाई समयमै सुरक्षित तवरले अस्पतालसम्म पुर्‍याउन जिल्ला स्तरमा २ वटा र पालिकास्तरमा ४ वटा गरी हालसम्म ६ वटा एम्बुलेन्सहरु तयारी अवस्थामा राखिएको छ । जिल्लास्तरमा तयारी अवस्थामा राखिएका एम्बुलेन्सका चालक, PRT मा रहेका व्यक्ति र केही सुरक्षाकर्मीहरुलाई व्यक्तिगत सुरक्षा उपकरणको प्रयोगको सम्बन्धमा नेपाली सेनाका चिकित्सकहरुबाट डेमो तालिम समेत दिइएको छ ।





## पर्वत जिल्लामा कोभिड-१९ मैत्री तथा अन्य तयारी अवस्थामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं | स्थानीय तह | एम्बुलेन्स नं | चालकको | | एम्बुलेन्सनको धनी (निकाय) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | नामथर | फोन नं. | | |
| १ | कुश्मा नगरपालिका | बा.२.भ्क ३९९७ | दिलिप कुमार चुनार | ९८०५२४११५० | पर्वत जिल्ला अस्पताल | कोभिड-१९ मैत्री |
| २ | कुश्मा नगरपालिका | ग.३.च ९८२ | राजु परियार | ९८४७६२०४९० | रोटरी क्लव, पर्वत | कोभिड-१९ मैत्री |
| ३ | जलजला गाउँपालिका | ध.१.भ्क.३ | याम बहादुर भण्डारी | ९८४७७५२१५० | माभ्कफाँट स्वास्थ्य चौकी | कोभिड-१९ मैत्री |
| ४ | विहादी गाउँपालिका | ग.१.भ्क. २९२ | सुरेश ढकाल | ९८४०५००२८१ | रानीपानी स्वास्थ्य चौंकी | कोभिड-१९ मैत्री |
| ५ | फलेवास नगरपालिका | | किशोर रेग्मी | ९८५७६३१०८८ | पाङराङ स्वास्थ्य चौकी | कोभिड-१९ मैत्री |
| ६ | महाशिला गा.पा. | बा.२.भ्क.१७४१ | भक्त बहादुर हमाल | ९८०३७९७३३६ | लुखुं प्रा.स्वा.के. | कोभिड-१९ मैत्री |
| ७ | कुश्मा नगरपालिका | | भिम बहादुर वि.क. | ९८६७६३८८९६ | ठुलीपोखरी प्रा.स्वा.के. | कोभिड-१९ मैत्री बनाउने क्रममा |
| ८ | पैयुँ गा.पा. | बा.१३.च. १८४४ | बालकृष्ण न्यौपाने | ९८६७२६६२६६ | हुवास स्वास्थ्य चौकी | |
| ९ | कुश्मा नगरपालिका | ध.१.च. २११ | मन बहादुर पुन | ९८४७६३५३६१ | पुन युवा क्लव, पर्वत | |

## अन्य नियमित उपचार

स्थानीय तहमा रहेका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रहरुले नियमित रुपमा स्वास्थ्य सेवा दिदै आएका छन् । पर्वत जिल्ला अस्पतालले आकस्मिक सेवा लगायत Fever Clinic स्थापना गरी नियमित सेवा दिदै आएको छ । जिल्ला सदरमुकाममा रहेका नीजि अस्पताल तथा मेडिकललाई नियमित रुपमा संचालन गर्न निर्देशन दिइएको छ र नीजि क्षेत्रमा रहेका सबै अस्पताल तथा मेडिकलहरुले नियमित सेवा दिदै आएका छन् ।



## संक्रमित मृत्यु पश्चात शव व्यवस्थापन

२०७६ चैत्र २७ गते बसेको CCMC बैठकले कोभिड- १९ को संक्रमण बढेर मृत्यु भएमा मृत शरीरको व्यवस्थापनका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्थित सबै सुरक्षा निकायका प्रमुखहरु, पर्वत जिल्ला अस्पतालका मे.सु. र सम्बन्धित पालिकाका प्रमुख सदस्य रहने गरी शव व्यवस्थापन कार्यदल गठन गरिएको छ । पर्वत जिल्ला अस्पतालमा रहेको शव व्यवस्थापन गृहमा मर्चरी खरिदको क्रममा रहेको छ ।

## सदरमुकाम तथा जनघनत्व भएका अन्य स्थानमा सेनिटाइजरको प्रयोग

पर्वत जिल्ला अस्पताल, कुश्मा बजार क्षेत्र, जलजला गाउँपालिकाको वारीवेनी क्षेत्र लगायतका स्थानमा नियमित रुपमा स्यानीटाइजर छर्कदै आइरहेको छ ।

कोभिड-१९ को रोकथाम, नियन्त्रण सम्बन्धी आवश्यक सुचना DCCMC मा उपलब्ध गराइदिनुहुन सबैमा हार्दिक अनुरोध छ।

सम्पर्क नं. : ९८५७६१७७७७

इमेल ठेगाना : daoparbat@gmail.com, daoparbatmoha@gmail.com

## लकडाउनमा सुरक्षाकर्मी परिचालन

हेल्थ डेक्स, क्वारेन्टाइन, सिमा चेकजाँज, झोलुंगे पुल, अन्तरपालिका सीमामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले नियमित चेकजाँच तथा सुरक्षा दिदै छन् । क्वारेन्टाइन तथा आइसोलेटेड अस्पताल निर्माणमा समेत सुरक्षाकर्मी परिचालन भएको छ । क्वारेन्टाइन र सामूहिक मेसमा सुरक्षा व्यवस्था मिलाइएको छ ।







## आपूर्ति व्यवस्थापन

आन्तरिक आपूर्ति व्यवस्थापनको सहजीकरणका लागि CCMC मा पर्वत उद्योग वाणिज्य संघका अध्यक्षलाई विशेष सदस्यको रुपमा राखिएको छ । आन्तरिक आपूर्तिका लागि अति आवश्यक खाद्यान्न सामग्री तथा स्वास्थ्यसँग सम्बन्धीत सवारी साधनको आवातजावतमा सहज वातावरण मिलाइएको छ । कतिपय अवस्थामा अन्य जिल्लाबाट अतिआवश्यक खाद्यन्न सामग्री लगायत वस्तुहरुको आपूर्ति सहजीकरणका लागि अन्तर जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरिएको छ ।

जिल्लामा अति आवश्यक खाद्य सामग्रीहरुको भण्डारण मौज्दातको लकडाउन अवधिमा जिल्ला सदरमुकामका ठूला थोक विक्रेताहरुबाट मात्र ३ पटक लगत संकलन गरिएको छ । हाल जिल्ला सदरमुकाममा खाद्यान्नको मौज्दात प्रर्याप्त रहेको, जसमा चामलः ८४०५ बोरा, नुन : ६१६ बोरा, तेल : ४४३३ कार्टुन, चिनी : १३२५ बोरा, चना : २८२ बोरा, आटा : १५५५ पोका, दाल : ७३० बोरा रहेको छ । औषधि पसलहरु दैनिक नियमित रुपमा खुला राख्ने व्यवस्था मिलाइएको छ । खानेपानी, विद्युत जस्ता अत्यावश्यक सेवाहरुलाई यथावत रुपमा संचालनमा ल्याइएको छ । अत्यावश्यक सेवाका लागि बैंकहरु आवश्यकता अनुसार खुला रहने व्यवस्था मिलाइएको छ ।

## बजार अनुगमन तथा कालोबजारी

लकडाउन अवधिमा बजार क्षेत्रको आपुर्ति व्यवस्थापन गर्न तथा कालो बजारी नियन्त्रण गर्न सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा साप्ताहिक रुपमा बजार अनुगमन हुँदै आएको छ । अति आवश्यक खाद्य सामाग्रीहरुको पसल, औषधि पसलहरु लगायत गरी २८ वटा पसलहरुको अनुगमन गरिएको छ साथै उक्त समयमा लकडाउनको अवधिमा स्थानीय तह, उद्योग वाणिज्य संघ तथा उपभोक्ता मन्च समेत रहने गरी जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा अति आवश्यक खाद्य सामग्री तथा स्वास्थ्य क्लिनिकहरुको साप्ताहिक रुपमा अनुगमन गर्दै आएको छ । साथै अनुगमन क्रममा जलजला गा.पा. वडा नं. ३ मा रहेको स्नेहा किराना पसलका प्रोपाइटर मिन प्रसाद रेग्मीलाई खाना पकाउने ग्याँसमा अधिक मुल्य लिएको हुनाले निजलाई कालोबजारी मुद्दा चलाइएको छ । निजको पसलमा भएका ग्याँसहरु जफत गरिएको छ । निजलाई रु. १ लाख धरौटी लिई तारेखमा छोडिएको छ ।

## पालिकास्तरमा राहत वितरण

जिल्लास्थित सबै स्थानीय तहमा मिति २०७७।०१।१२ गते सम्म भएको राहत वितरण निम्नानुसार रहेको छ।

| सि.नं | स्थानीय तह | घरधुरी संख्या | चामल के.जी. | दाल के.जी | तेल लि. | नुन के.जी. | साबुन थान | चना के.जी. | चिउरा के.जी. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुश्मा न.पा. | २९६३ | ६४९१० | ५३३७ | ४७२७ | ५३९३ | २९६३ | - | - |
| २ | फलेवास न.पा. | ६७३ | १६७८७ | १२१० | १५१७ | ७६५ | १५७० | १२१० | १५३६ |
| ३ | मोदी गा.पा. | ६१० | १५२५० | १२२० | ६१० | १२२० | १२२० | - | - |
| ४ | जलजला गा.पा. | १०६६ | १९८७५ | १६९४ | १०६६ | ८४९ | १६९४ | - | - |
| ५ | विहादी गा.पा. | ५३७ | १३४२५ | १०७४ | ५३७ | ५३७ | ० | - | - |
| ६ | पैयुँ गा.पा. | ७६१ | १९१६० | ६९८ | ११३३ | १०१६ | १३९६ | - | - |
| ७ | महाशिला गा.पा. | ५३६ | ६८१५ | २६७ | ३५६ | २९५ | ३६ | - | - |
| **जम्मा** | | ७१४६ | १५६२२२ | ११५०० | ९९४६ | १००७५ | ८८७९ | १२१० | १५३६ |

## अलपत्र परेका कामदार/पैदलयात्रीलाई मेस संचालन



जिल्लास्थित विभिन्न स्थानीय तहमा मोदी गा.पा.को पातिचौर, कुश्मा न.पा.को शिवालय मा.वि., जलजला गा.पा.को मिलनचोक, फलेवास न.पा. को मुडिकुवा र विहादी गा.पा.को बाच्छा गरी पाँच स्थानमा मिति २०७७।०१।०६ गते देखि सामुहिक मेस संचालन गरिएको छ । हालसम्म करिब ३०० भन्दा बढि कामदारहरुलाई उक्त सामुहिक मेसबाट विहान र बेलुका खाना खुवाइएको छ ।

## सवारी साधन तथा कर्मचारी व्यवस्थापन

जिल्लास्थित विभिन्न सरकारी कार्यालयका सवारी साधनहरुलाई सबै सुरक्षा निकाय तथा पर्वत जिल्ला अस्पतालमा लकडाउन व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाका लागि परिचालन गरिएको छ । आवश्यकता अनुसार स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालयका कर्मचारीहरु कोरोना अस्थायी अस्पतालको व्यवस्थापनका लागि खटाइएको छ साथै प्रत्येक सरकारी कार्यालयका १/१ जना कार्यालय सहयोगीहरुलाई साप्ताहिक रुपमा कार्यतालिका बनाई उक्त अस्पतालमा सेवाप्रवाहका लागि परिचालन गरिएको छ ।

## Counter part समन्वय बैठक

गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय पृथ्वीसुब्बा गुरुङसँग १ पटक भिडियो कन्फ्रेरेन्स भएको छ । जिल्ला विपद् व्यवस्थापन समितिमा संघीय संसद, राजनीतिक दलहरु समेत रहने गरी कोरोनाका सन्दर्भमा ८ पटक बैठक सम्पन्न गरिएको छ । लकडाउन अवधिमा स्थानीय तहहरुसँग ४ पटक समन्वय बैठक सम्पन्न गरिएको छ । मिति २०७७ बैशाख ६ मा पर्वत, बागलुङ र म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुसँग समन्वय बैठक बसी अन्तरजिल्ला आवातजावत नियन्त्रण गर्न सीमा नाका चेकजाँचमा थप कडाई गर्ने, अति आवश्यक वस्तुहरुको अन्तर जिल्ला ढुवानीमा सहजीकरण गर्ने, कोभिड-१९ उपचारका लागि स्वास्थ्य सामग्री र स्वास्थ्यकर्मीहरुको आवश्यकता अनुसार अन्तर जिल्ला सहयोग आदानप्रदानमा सहजीकरण गर्ने, मजदुर र पैदलयात्रीको आवश्यकता अनुसार व्यवस्थापन गर्ने लगायतका विषयमा निर्णय गरिएको छ।


## सवारी पास व्यवस्थापन

लकडाउन लागु भएपछि जिल्लामा मिति २०७६ चैत्र ११ देखि १३ सम्म अति आवश्यक खाद्य सामग्री तथा स्वास्थ्य उपचारसँग सम्बन्धीत सवारी साधन र स्वास्थ्य सेवा पुर्‍याउन कर्मचारीहरुलाई म्यानुल रुपमा पास वितरण गरिएको छ । मिति २०७६ चैत्र १४ देखि २०७७ बैशाख २ सम्म कार्यालयको इमेल ठेगाना र फेसबुक म्यासेन्जरबाट E-Pass वितरण गरिएको छ । गृह मन्त्रालयबाट मिति २०७७।०१।०२ मा भएको परिपत्र अनुसार मिति २०७७ बैशाख ३ देखि E-Pass वितरण गर्दै आएको छ । लकडाउन अवधि थपिदै गएको हुनाले अति आवश्यक सवारी साधनको लागि पास पुन वितरण गर्दै आएको छ ।

## दैनिक प्रतिवेदन

कोभिड-१९ को सम्बन्धमा भए गरेका सबै गतिविधिहरु दैनिक प्रतिवेदन प्रणाली, ईमेल र परिपत्र प्रणाली मार्फत गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखामा नियमित प्रतिवेदन गरिएको छ साथै आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेशमा पनि दैनिक प्रतिवेदन गरिएको छ । दैनिक जसो जिल्ला बासीहरुलाई सचेतना मूलक जिंगल तयार पारी माइकिङ गर्ने व्यवस्था मिलाइएको छ ।





## प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, पर्वत

Covid Crisis Management Center (CCMC), Parbat

इमेल : daoparbat@gmail.com, daoparbatmoha@gmail.com

फेसबुक पेज : www.facebook.com/daoparbat

फोन नं. : ०६७-४२०१३३,४२०१३४,४२११७२